# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# २० औं वार्षिक साधारण सभाको
# निर्णय माइन्यूट (बिवरण)

**सभा मिति : २०७४ साल अषाढ २९ गते बिहिबार ( तदनुसार जुलाई १३, २०१७ )**

**सभा समय : दिउंसो ३.०० बजे**

**सभा स्थान : संकटा भवनको सभाकक्ष, यंङ्गाल, लगनटोल, काठमाण्डौं ।**

Progressive Finance Ltd. 2051

# प्रोग्रेशिभ फाइनान्स लिमिटेडको
# २० औं वार्षिक साधारण सभाको
# निर्णय माइन्युट (बिवरण)

## १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको २०औं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मुकुन्द प्रसाद दाहालज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरि शु-सम्पन्न भयो ।

## २. सभाको मिति ,समय र स्थान :

मिति : २०७४ साल अषाढ २९ गते बिहिबार (तदनुसार जुलाई १३, २०१७)

समय : दिउंसो ३.०० बजे

स्थान : संकटा भवनको सभाकक्ष, यंङ्गाल, लगनटोल, काठमाण्डौं ।

## ३. सभाको सूचना प्रकाशन :

कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान अनुरुप यस संस्थाको आर्थिक वर्ष २०७२/०७३ को मूद्रित वार्षिक प्रतिवेदन सहित २०औं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुका साथै कम्पनीको वेइभसाईटमा समेत राखियो तथा सो को सूचना मिति २०७४/०३/०८ मा राजधानी राष्ट्रिय दैनिक र मिति २०७४/०३/२३ मा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो ।

## ४. छलफलका विषय सूची :

### क) सामान्य प्रस्ताव

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको बासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा नोक्सान हिसाब र नगद प्रवाह सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७३/७४ को लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरिक्षक श्री सुजन कुमार काफ्ले, सुजन कुमार काफ्ले एण्ड एशोशियट्स पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ । )
४. विविध ।

### ख. विशेष प्रस्तावहरु

१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियमावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा बित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of

Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाम्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी दिने । (विगत साधारण सभाको निरन्तरताका लागि)

३. साधारण सभाको समय सम्ममा कुनैं बैंक तथा वित्तीय संस्था संग एक्किरण/एक्विजिसनमा जाने सम्फौता भएमा संचालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समभ्रुदारी पत्र (Memorandum of Understanding) अनुमोदन गर्ने ।

**५.उपस्थिति :**

**५.१ संचालक समितिका पदाधिकारीहरु :**

१. अध्यक्ष श्री मुकुन्द प्रसाद दाहाल
२. संचालक श्री सिद्धि गोपाल मानन्धर,
३. संचालक श्री डा.खडानन्द दुलाल,
४. संचालक श्री रणदेव कृष्ण श्रेष्ठ,
५. संचालक श्री लक्ष्मण यादव

**५.२ अन्य उपस्थिति :**

१. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव श्री विशाल हुमागाँई,
२. नेपाल धितोपत्र वार्डका प्रतिनिधि, श्री एलिजा फ्यूाल,
३. यस वित्तीय संस्थाका व्यवस्थापन समुहका अन्य सदस्यहरु,

**५.३ शेयरधनी महानुभावहरु :**

| | | |
|---|---|---|
| १. स्वयम् उपस्थित | : | १०९ जना |
| २. प्रतिनिधी मार्फत उपस्थित | : | १० जना |
| **जम्मा उपस्थित** | : | **११९ जना** |

**६.गणपुरक संख्या : उल्लेखित उपस्थितिका आधारमा**

| विवरण | कुल संख्या | स्वयम् उपस्थित (क) र (ख) | प्रतिनिधी मार्फत (क) र (ख) | जम्मा (क+ख) | जम्मा विक्री भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | १,५६२ | १०९ जना | १० जना | ११९ जना | ६७.०५% |
| शेयर संख्या | २१,००,००० | ९,९६,५०२ | ४,११,६३२ | १४,०८,१३४ | |

**७. सभाको बैधानिकता:**

यो सभा कम्पनी ऐन २०६३ को ब्यबस्था भए बमोजिम बोलाइएको र दफा ७३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा बैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो ।

**८. सभाको सभापतित्व र सभा संचालन:**

सभाको प्रारम्भमा यस सभाको सभापतित्व गरिदिन संचालक समितिका अध्यक्ष श्री मुकुन्द प्रसाद दाहालज्यूलाई सभा संचालकले अनुरोध गर्नु भएपछि वहाँले सभाको सभापतित्व ग्रहण गर्नु भयो तथा पानसमा दिप प्रज्वलन गरी सभाको समुद्घाटन समेत गर्नुभयो ।

Progressive Finance Ltd. 2051

**९. २०औं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती:**

**९.१ २०औं वार्षिक साधारण सभा प्रतिवेदन प्रस्तुती :-**

छलफलका विषयको प्रथम प्रस्ताबमा रहेको २०औं वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्न हुन सभाका सभापतिज्यूलाई अनुरोध गरिएपछि सभाका सभापति श्री मुकुन्द प्रसाद दाहालज्यूले प्रतिवेदन सभामा पढेर सुनाउनु भयो ।

**९.२ लेखापरिक्षण प्रतिवेदन समेतको हिसाव प्रस्तूती**

तत्पश्चात् सभापति महोदयज्यूले आ.व. २०७२/०७३ को लेखापरिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतको हिसाव २० औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**१०. छलफलको लागि आव्हान :**

सो वार्षिक प्रतिवेदन को प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य विषयमा आफ्ना जिज्ञासा, मन्तव्य र सकारात्मक सुझाब प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो । त्यस पछि निम्न शेयरधनी महानुभावहरुले आफ्ना जिज्ञासा तथा सुझाबहरु सभामा प्रस्तुत गर्नु भयो ।

**११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुको नाम र प्रस्तुत सुझावहरु :–**

११.१) शेयरधनी श्री उद्धव प्रसाद घिमिरे

११.२) शेयरधनी श्री नरसिङ लाल चख्खु

११.३) शेयरधनी श्री लवराज जोशी

११.४) शेयरधनी श्री राम गोपाल महर्जन

११.५) शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ

**११.१) शेयरधनी श्री उद्धव प्रसाद घिमिरे**

- BOD / Mgmt Team अथक प्रयास सहित द्रुत गतिमा अगाडी बढेको ।
- Capital Finance ले गर्दा समस्या भएको छ ।
- EPS लाई सुधार गर्नुपर्ने ।
- साधारणसभाको किताबमा विषयसूचि राख्नुपर्ने ।
- Financial Indicator लाई chart मा राख्नु सुझाव छ ।
- उपत्यका भित्र Extension Counter खोल्ने कुरा अत्यन्तै राम्रो ।

**११.२) शेयरधनी श्री नरसिङ लाल चख्खु**

- Accumulated Loss लाई makeup गर्नुपर्ने ।
- Equity multiplyer लाई जोड दिनुपर्ने ।
- Aquire मा जाने भए 'क' वर्गको बैंकमै जानु राम्रो हुन्छ ।
- Website मा Base Rate उल्लेख गर्नुपर्ने ।
- संस्थाको कारोबारलाई प्रविधिमैत्रि बनाउनुपऱ्यो ।

**११.३) शेयरधनी श्री लवराज जोशी**

- रु. ८० करोड पुऱ्याउने पहल गर्नुपर्ने तथा 'क' वर्गको बैंकमा रुपान्तरण गर्नुपर्ने ।
- बासलात सकारात्मक छ तर धेरै तारिफ गर्नुपर्ने खालको हैन तै पनि राम्रो गर्नुहुनेछ भन्ने आश छ ।



Progressive Finance Ltd.

- CEO ले facility पनि लिनुपर्छ तथा लिए बमोजिम Business Progress पनि अझै धेरै गर्नुपर्छ ।
- 22nd AGM मा लाभांस को कुरा आओस ।

**११.४) शेयरधनी श्री रामगोपाल महर्जन**

- निक्षेप कर्जामा वृद्धि भएता पनि घाटा भै रहेको छ ।
- तालिम खर्च न्यून किन ?
- सहकारी जस्तै भयो ?
- Return नभएको हुदां मर्जर एक्विजिसन मा जादां राम्रो ।

**११.५) शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ**

- कम्पनीलाई जोगाउनु पर्छ, जोगिएका कम्पनीको भविष्य धेरै राम्रो हुनेछ ।
- २०औं वर्ष देखि गाह्रो हुदै आइ रहेकोमा पूजीं बृद्धीबाट यो संस्था आफै survive हुन खोजेको देखिन्छ जो सरहानिय छ ।
- संस्थाको आयश्रोत बढाउनु पर्छ । रटर्न राम्रो भयो भने शेयरधनीको आकर्षण अझै बढ्छ ।

**१२. शेयरधनी महानुभावहरुका जिज्ञासाहरुमा सभाका सभापति श्री मुकुन्द प्रसाद दाहालज्यूले जवाफ प्रस्तुत गर्नुभयो । मुख्य मुख्य जवाफहरुको प्रस्तुती निम्नानुसार छन् :**

- यस संस्थाको सम्बन्धमा सकारात्मक कुराहरु राखिदिनू भएकोमा शेयरधनी महानूभावज्यूहरुलाई धन्यवाद ।
- बार्षिक प्रतिवेदनको किताब आवश्यकतानुसार परिमार्जन गरि सकेसम्म शेयरधनीहरु सबैले बुझ्नसक्ने गरि व्यवस्थापन गर्दै लगिनेछ ।
- संस्थाको निक्षेप र कर्जा लगानी बृद्धिमा ध्यान दिइरहेका छौं । निक्षेप योजनाहरु पनि नयाँ नयाँ लागू गर्दै गइराखेको छौं ।
- पूरानो कर्जा लगानीको असूली कार्यलाई तिब्रता दिइ रहेका छौं तथा धेरै जसो कर्जा असुलि समेत गरिसकेका छौं ।
- एस.एम.एस सेवा संचालन गरिसकेका छौ तथा छिटै एटिएम, मोबाईल तथा ईबैंकिङ सेवा संचालन गर्न आवश्यक पहल गरिसकेका छौं ।
- आवश्यक परेमा यहाँहरुकै सल्लाहा सुझाव बमोजिम राम्रो कम्पनी संग एकिकरण/एक्विजिसनमा जान सकिन्छ ।
- कर्मचारीहरुलाई तालिम दिने व्यवस्था रहेको छ र समय समयमा आवश्यक तालिमहरु दिई नै रहेका छौं ।
- व्यवस्थापक र संचालक समितिको सम्बन्ध अति राम्रो रहेको छ । भविष्यमा पनि अझ सुमधुर गराउदै लगिने छ ।
- मुनाफा बृद्धि गरि लाभाषं दिनको लागि संचालक समिति तथा व्यवस्थापन लागिपरेकोछ ।
- विषेश साधारण सभाबाट पूँजी बृद्धिको निर्णय भईसकेकाले पूँजी बृद्धिको कार्यमा सबै शेयरधनीको सहभागिताको अपेक्षा गरेका छौं ।
- आगामी दिनहरुमा यहांहरुका सुझाबहरुलाई मनन गरि सोही अनुसार कार्यान्वयन गर्नेछौ ।

**१३. उल्लेखित छलफल पछि सभाबाट सर्वसम्मतिले भएका निर्णयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. २० औं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत यसै साथ संलग्न बमोजिमको वार्षिक प्रतिवेदनलाई पारित गरियोस् भनि सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

Progressive Finance Ltd. 2051

२. लेखापरिक्षक प्रतिवेदन सहितको आ.व. २०७२/०७३ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरण छलफल पश्चात् पारित गरियोस् भनि राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. आ.व. २०७३/०७४ को लेखापरीक्षणको लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा छलफल हुदां सुजन काफ्ले एण्ड एसोसिएट्सका लेखापरिक्षक श्री सुजन कुमार काफ्लेलाई नियुक्त गर्ने र निजले सो कार्य गरे वापत रु.१,१०,०००/- (अक्षरेपी: एक लाख दश हजार रुपैया मात्र) (भ्याट कर बाहेक) पारिश्रमिक उपलब्ध गराउने गरी लेखापरिक्षण समितिले गरेको सिफारिस स्वीकृत गरी सोही बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने निर्णय पारित गरियो ।

**ख) विशेष प्रस्तावहरु**

१. प्रबन्धपत्र तथा नियमावलीको संसोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न सुझाव प्राप्त भएमा सो अनुरुप समायोजन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने, "बैंक तथा वित्तीय संस्था प्राप्ति (Acquisition) सम्बन्धी विनियावली, २०७०" बमोजिम एक्विजिसन गर्ने गराउने, सो सम्बन्धमा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्ने, मान्यता प्राप्त परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने, गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रक्रिया समेत पूरा गरी सोमा हस्ताक्षर गर्ने लगायत गाभ्ने/गाभिने वा एक्विजिसन गर्ने गराउने कार्यसंग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मत पारित गरियो ।

३. साधारण सभाको समय सम्ममा कुनैं बैंक तथा वित्तीय संस्था संग एक्किरण/एक्विजिसनमा जाने सम्झौता भएमा संचालक समितिबाट भएको गाभ्ने/गाभिने, एक्विजिसन सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) अनुमोदन गर्ने भन्ने प्रस्तावलाई कुनै पनि बैंक तथा वित्तीय संस्था संग उक्त अविधिमा सो सन्बन्धि कुनै पनि काम कार्यवाही अगाडी नबढेकाले निर्णय गर्नु नपर्ने गरि अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तत्पश्चात् सौहार्दपुर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नुभएकोमा शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु लगायत सबैलाई धन्यवाद दिदैं सभाका सभापतिले २०औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो । ततपश्चात सभा बिसर्जन भयो ।

| | | |
|---|---|---|
| ..................... | Progressive Finance Ltd. 2051 | ..................... |
| (विशाल हुमागांई) | | (मुकुन्द प्रसाद दाहाल) |
| कम्पनी सचिव | | अध्यक्ष |

# प्रोग्रेशिभ फाइनान्स लिमिटेड

## को

## बीसौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट
## अध्यक्षद्वारा प्रस्तुत
## आ.व. २०७२/०७३ को बार्षिक प्रतिवेदन

शेयरधनी महानुभावहरु,
यस वित्तीय संस्थाको बीसौं वार्षिक साधारण सभामा यहाँहरुको अमूल्य समय दिई उपस्थित हुनुभएका आदरणीय शेयरधनी महानुभावहरु, प्रतिनिधिहरु, पर्यवेक्षकहरु तथा अतिथिज्यूहरुमा म सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

यस गरिमामय सभा समक्ष यस वित्तीय संस्थाको आ.व.२०७२/०७३ को वासलात, नाफा नोक्सान हिसाव, नाफा-नोक्सान वाँडफाँड हिसाव, नगद प्रवाह, इक्यूटीमा आएको परिवर्तन तथा अनुसूचिहरु सहितका विवरण र लेखा परिक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन यस अगाडी नै आदरणीय शेयरधनी महानुभावहरु समक्ष पठाई सकिएको हुँदा सोको अध्ययन भै भविष्यमा यस कम्पनीले निर्वाह गर्नुपर्ने भुमिकाका सम्वन्धमा यहाँहरुबाट सदाझैं अमूल्य सल्लाह एवं सुझाव प्रदान गर्नु हुनेछ भन्ने विश्वास लिएका छौं ।

शेयरधनी महानुभावहरु,
यस बित्तीय संस्थाको प्रस्तुत प्रतिवेदन सहितको लेखापरीक्षकको प्रतिवेदन, आ.व.२०७२/०७३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण यहाँहरुलाई पहिले नै पठाई सकिएको हुँदा सो मा यहाँहरुबाट आवश्यक अध्ययन भएकै छ भन्ने ठानेका छौं तथापि यहाँहरुको जानकारी र अनुमोदनका लागि पुनः प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

विगत केहि वर्षदेखि विश्वका कतिपय क्षेत्रमा देखा परेको आर्थिक मन्दी, देशको राजनैतिक अस्थिरता, उद्योग कलकारखाना व्यापार व्यवसायमा मजदुरहरुको बन्दहडतालले प्रत्यक्ष परेको असर, समस्या, व्याजदरमा अस्वस्थ प्रतिस्पर्धा हुनु जस्ता चुनौतिहरुलाई सामना गर्दै व्यवस्थापन गर्नुपर्ने अवस्था रहेकोले शेयरधनी महानुभावहरुको साथ र सहयोग प्राप्त भएमा यस्ता समस्या समाधान गर्न सफल भै आफ्ना ग्राहकवर्गहरुलाई अधिकतम सेवा सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने विश्वास लिएका छौं । लगानी मैत्री वातावरण बन्न नसक्दा परेका असरहरुका बावजुत निष्कृय कर्जा अघिल्लो आ.व.को तुलनामा धेरै कम भएको छ । यसका साथै बैंक तथा वित्तीय संस्थाहरु बीच अत्यधिक प्रतिस्पर्धा हुनु, नियमनकारी निकायले जारी गरेको नीति निर्देशनमा आएका परिवर्तनहरु, केही संस्थामा देखिएका संस्थागत सुशासन सम्बन्धी समस्याका कारणबाट देखिएको अविस्वास जस्ता कारण हुँदाहुदै विगत वर्षको तुलनात्मक वित्तीय स्थिति तलको तालिकाबाट स्पष्ट रुपमा जानकारी गराउन चाहन्छु ।

**यस वित्तीय संस्थाको विगत ५ आ.व.को तुलनात्मक वित्तीय विवरण निम्नानुसार रहेको छ :**

रु.हजारमा

| शिर्षक | आ.व. २०६८/६९ | आ.व. २०६९/७० | आ.व. २०७०/७१ | आ.व. २०७१/७२ | आ.व. २०७२/७३ |
|---|---|---|---|---|---|
| अधिकृत पूँजी | ४,००,००० | ४,००,००० | ४,००,००० | ४,००,००० | ४,००,००० |
| चुक्ता पूँजी (कलइन एडभान्स समेत) | १,२०,००० | १,२०,००० | १,२०,००० | १,२०,००० | २००१६० |

Progressive Finance Ltd. 2051

| | | | | | |
|---|---|---|---|---|---|
| जगेडा कोष<br>साधारण जगेडा कोष<br>जोखिम व्यहोर्ने कोष<br>अन्य जगेडा कोष<br>(प्रस्तावित बोनस सेयर) | ४,४२९<br>१७,३५०<br>४,८४४ | ४४२९<br>५४,९१८<br>४८४४<br>- | ४४२९<br>४७,२०६<br>४८४४<br>- | ४४२९<br>१०५१५<br>४८४४ | ८६१९<br>११९९३<br>६७९७ |
| नगद लाभांस<br>(कर समायोजन प्रयोजनार्थ समेत ) | - | - | - | - | |
| कुल निक्षेप | २,००,७४५ | २,२३,४८५ | २,७२,१८७ | ३०३१००.७८ | ५३३४३५ |
| कुल कर्जा तथा सापट | १,८०,५२६.६० | २,०८,२९१ | २,७९,६०६ | २६३८७६.०९ | ४४७१२१ |
| शेयर लगानी | ५१२ | ४२३ | १९४ | २०६९.३४ | ११९५१ |
| कुल आम्दानी | ५२,२०६ | २७६९८ | ३६६३० | ५०४८९.७० | ४८१८२ |
| कुल खर्च | ४०,३१९ | ७००९२ | ४०४५१ | ६३४४०.३६ | ४०५१२ |
| सञ्चालन नाफा (नोक्सान ) | ११,८८७ | (४२३९४) | (३८२१) | (१२९५०.६५) | (१०६११.३८) |
| सञ्चित नाफा (नोक्सान) | (१८६२) | (४०७५४) | (४१,७०३) | (३८५९१.१५) | (२२५००.८८) |
| कर भुक्तानी र व्यवस्था | ५,४६१ | - | - | | |
| कुल नेटवर्थ | १,३०,१२२.२२ | १०२२२० | ९८०३२ | ९२७१२.६६ | १९५७७४.४६ |
| प्रति शेयर नेटवर्थ | १०८.४४ | ८५.१८ | ८१.७० | ७७.२६ | १००.१६ |

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबाट वित्तीय संस्थाको कारोबारलाई परेको असर :**

लोडसेडिङ्गको अन्त्य भएपनि विद्युत आपुर्तिमा अस्थिरता, मुल्य बृद्धि, शेयर बजार तथा घरजग्गा कारोवार स्थिर हुनु लगायतका कारणहरुले समग्र नेपाली अर्थतन्त्रलाई प्रभाव पारिरहेको अवस्था विद्यमान रह्यो । देशको अस्थिर राजनैतिक वातावरण साथै संविधान घोषणा पछि पनि अन्योलको अवस्था यथावत नै रहेको कारण उद्योग कलकारखाना, व्यापार व्यवसायको क्षेत्रमा समेत लगानीको उचित वातावरण बन्न नसक्दा समिक्षा वर्ष पनि वित्तीय क्षेत्रको निम्ति चुनौतीविहिन र सहज हुन भने सकेन ।

गत वर्षमा छिमेकी मित्र राष्ट्रहरुमा समेत आर्थिक बृद्धिमा कमी यथावत रहेको तथ्यांकहरु सार्वजनिक भै सकेका छन् । अन्य मुलुक लगायत युरोपेली मुलुकहरु अझै मन्दीको त्रासबाट खास बाहिर आउन सकेका छैनन । आर्थिक विकासका लागि अन्तराष्ट्रिय परिस्थिति अनुकुल नहुनुका साथै राष्ट्रिय परिस्थिति समेत अपेक्षित रुपमा सहज रहेन । शेयर बजार तथा घरजग्गा व्यवसायमा प्रगति हुन नसक्दा राष्ट्रिय अर्थतन्त्रमा परेको असरले यस वित्तीय संस्थाको कारोवारमा पनि प्रत्यक्ष एवं अप्रत्यक्ष असर रहन गयो ।

**ग) प्रतिवेदनको मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यका सम्बन्धमा संचालक समितिको धारणा:**

शेयरधनी महानुभावहरु,

चालु आ.व. को तेस्रो त्रैमासिक अर्थात् २०७३ साल चैत्र मसान्त सम्ममा वित्तीय संस्थाको आर्थिक उपलब्धिको विवरण निम्नानुसार रहेको छ ।

रु. हजारमा

| विवरण | आ.व ०७३/०७४ चैत्र मसान्त | आ.व ०७२/०७३ चैत्र मसान्त | आ.व ०७१/७२ चैत्र मसान्त | तुलनात्मक बृद्धि | |
|---|---|---|---|---|---|
| | | | | ०७२/७३ | ०७१/७२ |
| चुक्ता पूँजी | २,१०,०००.०० | २,००,१६०.०० | १,२०,०००.०० | ४.९१% | ७५% |

Progressive Finance Ltd. 2051

| | | | | | |
|---|---|---|---|---|---|
| कुल निक्षेप | ५,६२,७५८.३३ | ३,७१,२३९.४९ | २,६७,५४८.७७ | ५१.५८% | ११०% |
| कुल लगानी | ६८६०.०० | ८,९२२.६४ | ५,९६०.९७ | (२३.११%) | १५% |
| कुल कर्जा | ५,८१,५६०.२६ | ३,९६,९४८.०४ | २,७९,२२९.५३ | ४६.५०% | १०८% |
| संचालन मुनाफा कर्मचारी बोनस तथा कर अघि | १८३५६.८७ | २६,५४३.८८ | १८,३२७.३१ | (३०.८४%) | ०.१६% |
| खराब कर्जा अनुपात | १.४३ | १.७४% | १.७४% | १७.८१% | १७.८१% |
| कूल शेयर नेटवर्थ | १०३.४८ | १००.३७ | ९६.९६ | ३.०९% | ६.७२% |

माथि उल्लेखित तालिकामा यस वित्तीय संस्थाले आ.व ०७१/०७२ को तुलनामा आ.व. ०७३/०७४ को बृद्धिदर प्रस्तुत गरिएको छ भने आ.व ०७२/०७३ को तुलनामा आ.व. ०७३/०७४ मा संस्थाले हाँसिल गरेको उपलब्धि प्रस्तुत गरिएको छ। *नोटः माथि उल्लेखित वित्तीय विवरण उल्लेखित आ.वका चैत्र मसान्त सम्मका अपरिस्कृत वित्तीय विवरणबाट साभार गरिएको हो।*

**भावी कार्यक्रमहरु :**

**१.पूँजी बृद्धि योजनाः**

ने.रा बैंक बाट जारी निर्देशन बमोजिम राष्ट्रिय स्तरका वित्त कम्पनीहरुले २०७४ आषाढ मसान्त सम्ममा रु.८० करोड पुऱ्याउनु पर्ने व्यवस्था गरेकोमा यस वित्तीय संस्थाले ने.रा बैंकलाई बुझाएको पूँजी योजना मुताविक हाल कायम रहेका लगानीकर्तालाई प्रोत्साहित हुने गरि उक्त अवधिभित्र पूँजी पुऱ्याउने लक्ष्यका साथ मर्जर/एक्विजिसनलाई नियमित प्रस्तावका रुपमा राखी हकप्रद शेयर जारी गर्ने गरि मिति २०७४/०२/०२ गतेको विशेष साधारण सभाबाट १:२.८१ का दरले हकप्रद शेयर जारी गर्ने निर्णय भएको व्यहोरा यहाँहरुलाई अवगत नै छ।

**२. शाखा कार्यालय विस्तारः**

हाल यस वित्तीय संस्थाको पहिलो शाखा कार्यालय उग्रतारा जनागाल-१ काभ्रेमा २०७३/०१/१७ गते विधिवत रुपमा शुभारम्भ भएको छ। त्यस्तै धनुषा जिल्लाको जनकपुरधाम र बाँके जिल्लाको कोहलपुर नगरपालिकामा शाखा स्थापनाको लागि प्रक्रिया अगाडि बढाइएको छ र उपत्यकाका भक्तपुर तथा ललितपुर जिल्लामा एक्स्टेन्सन काउन्टर खोल्ने प्रक्रिया अगाडि बढाइएको छ।

**३. वित्तीय संस्थाको उन्नतिको लागि भविष्यमा गर्नुपर्ने कामको सम्वन्धमा सञ्चालक समितिको सोचको संक्षिप्त विवरण निम्नअनुसार रहेको छ :**

अ) पूँजी बृद्धि पश्चात वित्तीय संस्थाको ग्राहकसम्मको पहुँच बढाउन शाखा सञ्जाल विस्तार एवं ATM सेवा सुरु गरिने छ।

आ) विप्रेषण सेवालाई प्रभावकारी बनाउन थप रेमिट्यान्स एजेन्सीहरुसँग सहकार्य बढाउदै लैजाने।

इ) कारोबारमा हुने बृद्धिलाई थेग्न आवश्यक पूँजीकोष पूऱ्याउन पूँजी बृद्धि तथा बृहत मर्जर तथा एक्विजिसन लगायत आवश्यक व्यवस्था गरिने छ।

ई) संस्थाको निष्कृय कर्जालाई ने.रा. बैंकले तोकेको न्यूनतम सिमा भित्रै कायम राखिने छ।

उ) कर्जा तथा लगानीको गुणस्तर नघटाई कर्जा लगानी बढाईने छ। विशेषतः विपन्न वर्ग कर्जा तथा उत्पादनशिल क्षेत्रमा प्रवाह हुने कर्जालाई प्राथमिकता दिइनेछ।

ऊ) कर्जाको नयाँ योजनाहरु लागु गरिने छ ।

ए) नयाँ निक्षेप योजनाहरु लागू गर्दै लगिने छ।

ऐ) वित्तीय क्षेत्रमा आएका नयाँ नयाँ प्रविधिहरुलाई आत्मासाथ गर्दै कारोबार बृद्धि गरिने छ।

ओ) मोबाइल बैकिङको व्यवस्था गरिने छ।(प्रक्रियामा अगाडी बढाई सकिएको)

औ) संस्थाका कर्मचारीको कार्यक्षमतामा बृद्धि ल्याउन बिभिन्न तालिम सेमिनारहरुमा सहभागिता गराउँदै लगिने छ।

अं) सामाजिक उत्तरदायित्व अन्तरगतका कार्यहरु गरिनेछ।

Progressive Finance Ltd.

**घ) औद्योगिक तथा व्यावसायिक सम्बन्ध :**

वित्तीय संस्थाले आफुसंग सम्बन्धित औद्योगिक तथा व्यवसायिक प्रतिष्ठानहरुसंग संस्थागत एवं व्यवासायिक मूल्य र मान्यताको आधारमा मैत्रिपूर्ण सम्वन्ध कायम गर्दै आएको छ र यस सम्बन्धलाई व्यवसायिक तथा पारदर्शिताका आधारमा वित्तीय संस्थाको हितमा रहने गरी अझ विकसित गर्दै लगिने छ ।

**ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारण:**

यस आर्थिक वर्ष तथा समिक्षा अवधिमा वित्तीय संस्थाको सञ्चालक समितिमा कुनै पनि हेरफेर भएको छैन ।

**च) कारोवारलाई असर पार्ने मुख्य कुराहरु:**

शेयरधनी महानुभावहरु,

मुलुकमा संबैधानिक परिवर्तन पछि तीन प्रकारका सरकारहरुको व्यवस्था, राजनैतिक परिवर्तन पछि राजनीतिक तहमा बढ्दै गएको विकास सम्बन्धि इच्छा शक्तिको कारणले मुलुक दोहोरो अंकको आर्थिक बृद्धिदरको लक्ष्यको नजिक पुग्न लागि रहेको अवस्था, वित्तीय संस्थाहरुको घट्दो उपस्थिति, बजारमा साना पूँजी संरचना भएका संस्थाहरुको पनि आवश्यकता, प्रत्यक नागरिकको बैंक खाता खोल्ने सरकारी योजना, जेष्ठ नागरिक/एकल महिला भत्ता लगायत सरकारी खर्च बैंकिङ प्रणाली मार्फत मात्रै गर्ने सरकारी रणनीति, रु.दश लाख भन्दा माथिको रकम A/C Payee चेक मार्फत कारोबार हुनुपर्ने व्यवस्था, प्रत्येक नगरपालिका तथा गाउँपलिकामा शाखा विस्तार लगायत सिमित बैंकिङ इकाई। शाखा रहित बैंकिङ सेवा, मोवाइल बैंकिङ, ए.टि.एम बैंकिङ, इन्टरनेट बैंकिङ, आश्वा प्रणाली आदिबाट नेपालमा बैंकिङ व्यवसायको सुन्दर भविष्य स्वत: अनुमान गर्न सकिन्छ । नयाँ बैंक तथा वित्तीय संस्थाको दर्ता प्रक्रिया हाल स्थगन हुनु, भइरहेको समस्याग्रस्त संस्था पनि नयाँ समुहले प्रवद्धन गर्दै सुसञ्चालनमा ल्याउने प्रयत्न गर्नुबाट पनि बैंक तथा वित्तीय संस्थाको आगामी दिनहरु आकर्षक र न्यून जोखिम तर्फ उन्मुख भइरहेको आभाष हुन्छ । तथापी राजनैतिक अस्थिरता कायमै रहनु, समय-समयमा भैरहने पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध, नेपाल वन्दले गर्दा हुने अवरोधले पनि वित्तीय कारोबारमा असर पुगेको छ । वित्तीय बजारमा रहेको चर्को प्रतिष्पर्धा एवं वित्तीय क्षेत्रमा रहको तरलताको अस्थिरता र अर्कोतर्फ लगानी मैत्री वातावरण नभएको अवस्थामा कर्जाको माग न्यून रहेको छ । फलस्वरुप वचत तथा कर्जाको ब्याजदरमा आएको उतारचढावले कर्जा लगानीबाट हुने प्रतिफल समेत निरन्तर घट्दो क्रममा छ । ब्याज अन्तर कम गर्ने तथा लागनीलाई पारदर्शी एवं प्रतिस्पर्धी बनाउने उद्देश्यले नेपाल राष्ट्र बैंकले आधार ब्याजदर तथा स्प्रेड दरको अवधारणा लागु गरिसकेको छ । यस जटिल परिस्थितिमा कारोवारमा सक्रिय रहेका असल ग्राहकलाई कारोवारबाट विस्थापित हुन नदिन कारोबार वृद्धि गर्नु तथा नयाँ क्षेत्रको खोजि गर्नु कम्पनीको लागि मुख्य चुनौती रहेको छ ।

**छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया:**

आ.व.२०७२/०७३ को लेखापरीक्षण प्रतिवेदनमा बैकिङ्ग कारोवारको सिलसिलामा हुने सामान्य कैफियतहरु बाहेक वित्तीय संस्थाको कारोवारमा असरं पार्ने खालका अन्य कुनै कैफियतहरु उल्लेख भएका छैनन् ।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

यस आ.व.२०७२/०७३ मा कम्पनी नोक्सानीमै रहेकाले लाभांश वाँडफाँडको व्यवस्था गरिएको छैन ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मुल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरण:**

यस वित्तीय संस्थाको प्रतिवेदनको मितिसम्म कुनै शेयर जफत भएको छैन ।

Progressive Finance Ltd. 2051

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन:**
यस वित्तीय संस्थाको कुनै सहायक कम्पनी रहेको छैन ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपुर्ण परिवर्तन:**
यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको हुँदा यसले कम्पनीको कारोबारमा कुनै महत्वपूर्ण परिवर्तन आएको छैन ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीले वित्तीय संस्थालाई उपलव्ध गराएको जानकारी:**
यस कम्पनीका कुनै पनि आधारभूत शेयरधनीहरुले कम्पनीलाई कुनै लिखित वा मौखिक जानकारी उपलब्ध गराउनु भएको छैन ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्वन्धमा निजहरुवाट कम्पनीले प्राप्त गरेको जानकारी:**
यस वित्तीय संस्थाका सञ्चालकहरुले २०७४ बैशाख मसान्तसम्म लिएको शेयरको स्वामित्वको विवरण देहाय बमोजिम रहेको छ । साथै सञ्चालक एंव पदाधिकारीहरु वित्तीय संस्थाको शेयर कारोबारमा संलग्न रहनुभएको छैन ।

**तपशिल**

| नम | पद | लिएको शेयर संख्या |
|---|---|---|
| आशिर्वाद फर्निचर उद्योग प्रा.लीका तर्फबाट प्रतिनिधि श्री मुकुन्द प्रसाद दाहाल "संस्थापक | अध्यक्ष | १५० |
| श्री मुकुन्द प्रसाद दाहाल "सर्वसाधारण तर्फ" | " | १७६८ |
| श्री सिद्धिगोपाल मानन्धर "संस्थापक तर्फ" | सञ्चालक | १७५० |
| श्री डा.खडानन्द दुलाल "संस्थापक तर्फ" | संचालक | १७५० |
| श्री रणदेव कृष्ण श्रेष्ठ "सर्वसाधारण तर्फ" | संचालक | ९८० |
| श्री लक्ष्मण यादव "सर्वसाधारण तर्फ" | संचालक | २८० |

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्वन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको वारेमा उपलव्ध गराएको जानकारीको व्यहोरा:**
समिक्षा अवधिमा वित्तीय संस्थालाई यस सम्वन्धी कुनै जानकारी उपलब्ध भएको छैन ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी शेयर खरिद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम:**
समिक्षा अवधिमा वित्तीय संस्थाले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण :**
आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न छुट्टै चार्टड एकाउन्टेण्टको मातहतमा त्रैमासिक रुपमा आन्तरिक लेखापरिक्षण गराई प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयन गर्ने तथा स्वतन्त्र रुपमा रहेको लेखापरीक्षण समितिको बैठकले दिएका निर्देशनहरुको कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ साथै संस्थाको आन्तरिक लेखापरीक्षण कार्यलाई अझै सशक्त बनाउदै लैजाने लक्ष्य लिएको छ ।

Progressive
Finance Ltd.
2051

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण:**

| विवरण | आ.व. २०७२/०७३ |
|---|---|
| कुल कर्मचारी खर्च | ६,९१८,३४८।- |
| कुल कार्यालय खर्च | ८,४६६,५४२।- |

**द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**

**लेखापरीक्षण समिति :**

| | |
|---|---|
| १. श्री रणदेव कृष्ण श्रेष्ठ | संयोजक |
| २. डा.खडानन्द दुलाल | सदस्य |
| ३. श्री उमा लामिछाने | सदस्य सचिव |

उपरोक्त बमोजिमको लेखापरीक्षण समितिले नेपाल राष्ट्र बैक लगायत बाह्य तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर विस्तृत अध्ययन तथा विश्लेषण गरि सोमा उल्लेखित निर्देशन एवं कैफियतहरुका सम्बन्धमा व्यवस्थापनबाट आवश्यक जानकारी लिई सो को प्रतिवेदन कार्यान्वयनको सिफारिस एवं सुझावसहित सञ्चालक समिति समक्ष पेश गर्ने गरेको छ । यस अविधिमा लेखापरीक्षण समितिका पदाधिकारी मध्ये संयोजक र संचालक सदस्यलाई प्रति बैठक रु.२,०००।- रुपैया बैठक भत्ता प्रदान गरिएको छ ।

**ध) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले वित्तीय संस्थालाई कुनै रकम वुझाउन वाँकी भए सो कुरा:**

संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नातेदार वा निज संलग्न रहेको फर्म, वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थालाई कुनैपनि रकम वुझाउन वाँकी रहेको छैन ।

**न) संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरीएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम:**

**आ.व. २०७२।०७३ मा निम्न रकम भुक्तानी गरिएको छ ।**

अध्यक्ष तथा संचालकहरुलाई प्रति बैठक भत्ता क्रमश रु.२२००/- र २०००/- तथा मासिक पत्रपत्रिका खर्च वापत रु.१५००/- प्रदान गर्ने गरिएको छ । साथै कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री विशाल हुमागाँईलाई तलब तथा भत्ता वापत वार्षिक रु.१२,६०,०००/- उपलब्ध गराइएको छ । त्यसका साथै इन्धन तथा मर्मत सहित सेन्ट्रो कार तथा अन्य सुविधा कर्मचारी नियमावली अनुसार उपलब्ध गराइएको छ ।

**प) शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांसको रकम :**

हाल सम्म लाभांस वितरण गरिएको छैन ।

**फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण:**

समिक्षा अवधिमा वित्तीय संस्थाले कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको कुनै सम्पत्ति खरिद वा विक्रि गरेको छैन ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण:**

बित्तीय संस्थाले समिक्षा अवधिमा कम्पनी ऐन, २०६३ को दफा १७५ बमोजिम अन्य कुनै कम्पनीसँग सम्बद्ध रहि कुनै किसिमको कारोबार गरेको छैन ।

**भ) ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा:**

ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुराहरु नभएको ।

Progressive Finance Ltd. 2051

म) अन्य आवश्यक कुराहरु:

१. यस वित्तीय संस्था वा अन्य विभिन्न वित्तीय संस्था यस संस्थामा गाभ्ने/गाभिने सम्बन्धमा आवश्यक छलफलहरु भै रहेको छ ।

२. आ.ब.२०७३।०७४ को अन्तिम लेखापरीक्षण सम्पन्न गर्न लेखापरीक्षकमा सुजन काफ्ले एण्ड एशोशियट्सका चार्टर्ड एकाउन्टेन्स् श्री सुजन कुमार काफ्लेलाईलाई रु.१,१०,०००/- (एक लाख दश हजार मात्र) कर तथा भ्याट बाहेक पारिश्रमिक दिने गरि नियुक्ती गर्न लेखापरीक्षण समितिले सिफारिस गरेको छ सो को स्विकृति पनि यहाँहरुबाट हुने नै छ । वैधानिक रुपमा निज यस आ.व २०७३।०७४ को ले.प.का लागि योग्य हुनुहुन्छ ।

**धन्यवाद ज्ञापन,**

**शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थालाई निरन्तर सफलतातर्फ अगाडी बढाउन सहयोग पुर्‍याउनु हुने शुभेच्छुक तथा नेपाल सरकारका सम्वन्धित निकायहरुका साथै सहयोगी नेपाल राष्ट्र बैक, बैंक तथा वित्तीय संस्थाहरु लगायत नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र विनिमय बजार लि. र सहयोगी सबै संघ संस्था, फर्म, कम्पनी लगायतका महानुभावहरुबाट तथा कम्पनीका लगनशिल कर्मचारी वर्गवाट यस अवधिमा पाएको सहयोगका लागि धन्यवाद दिंदै निरन्तर सहयोग र शुभेच्छा पाइरहने अपेक्षा राखेका छौं । धन्यवाद !

| श्री सिद्धिगोपाल मानन्धर | डा. खडानन्द दुलाल | लक्ष्मण यादव | रणदेवकृष्ण श्रेष्ठ | मुकुन्द प्रसाद दाहाल |
|---|---|---|---|---|
| सञ्चालक | सञ्चालक | सञ्चालक | सञ्चलक | अध्यक्ष |

मितिः २०७४/०३/२९
संकटा भवनको सभाकक्ष,
यंङ्गाल, लगनटोल, काठमाडौं

Progressive Finance Ltd. 2051